प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग,बाणिज्य तथा आपूर्ति मन्त्रालय
मुकामः बुटवल, नेपाल
फोन नः०७१-५४३६०८

पत्र संख्याः २०७८।०७९
चलानी नः

मितिः २०७९।०२।३१

सूचना ।

प्रदेश सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, लुम्बिनी प्रदेशबाट "उद्योग प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७९" मिति २०७९।०२।२४ मा ( मा.मन्त्रीस्तर ) बाट स्वीकृत भइ उक्त कार्यविधीमा व्यवस्था भए बमोजिम आगलागी, बाढी, पहिरो, डुवान, भुकम्प, आँधिहुरी, चट्याङ जस्ता विपदबाट कुनै उद्योगीलाई क्षती भएको खण्डमा त्यस्तो क्षती भएको ३५ (पैत्तिस) दिन भित्र तपशिलका कागजात सहित राहतको लागि सम्वन्धित घरेलु तथा साना उद्योग कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपी,
२. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
४. पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी,
५. विपदजन्य घटनाको क्षतीको मुल्याङ्कन सहितको प्रहरी सर्जमिन मुचुल्का,
६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,
७. यस कार्य बमोजिम पाउन सक्ने राहतको लागि अन्य कुनै सरकारी निकायबाट राहत नपाएको स्व घोषणा पत्र वा कुनै निकायबाट राहत पाएको भए सो राहतको प्रमाण खुल्ने कागजात ।
८. मन्त्रालय वा कार्यालयले तोकेका अन्य कुराहरु ।

पुनश्चः- वि.स. २०७८ श्रावण महिना देखि कार्यविधी स्वीकृत हुँदाका मितिसम्म विपद्जन्य घटनाबाट क्षती पुगेका उद्योगहरुले मिति २०७९ आषाढ २७ गते भित्र राहतको लागि निवेदन दिन सकिने व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लुम्बिनी प्रदेश,मुकामः बुटवल